# विगु गाउँपालिका
# Bigu Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
३ नं. प्रदेश, नेपाल ।
3 No, Province, Nepal


## शिलबन्दी वोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७५।०६।१८

यस कार्यालयको चालु आ.व. २०७५/७६ को स्वीकृत कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित निर्माण कार्य ठेक्काको माध्यमबाट गर्नु पर्ने भएकोले मूल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्र प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही शिलवन्दी वोलपत्र पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः–**

१. सम्वन्धित कागजातहरु संलग्न भएको वोलपत्र फाराम यस कार्यालयबाट मिति २०७५ कार्तिक १६ गतेसम्म कार्यालय समयभित्र रु. ३,०००।०० (तिन हजार) मात्र दस्तुर सम्वन्धित कार्यालयमा नगद (पछि फिर्ता नहुने गरी) बुझाई खरिद गर्न सकिने छ ।

२. वोलपत्र खरिद गर्न आ.व. २०७४/७५ सम्म नविकरण भएको ईजाजत पत्र, आयकर चुक्ता प्रमाण पत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गरी गाउँपालिकाको कार्यालय,लादुक ,दोलखाको नाममा रहेको नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड सिंगटी शाखाको संचितकोष खाता नं. ०६७०१०४०२५००५४(ग-४-१/१) मा रु. ३०००।- जम्मा गरेको बैंक भौचर संलग्न राखी वोलपत्र फाराम खरिद गर्न सकिने छ ।

३. यसरी खरिद गरिएका वोलपत्र फारामहरु मिति २०७५ कार्तिक १८ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । म्यादभित्र प्राप्त हुन आएका शिलबन्दी वोलपत्रहरु सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधि तथा वोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा वोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. वोलपत्रदातालाई वोलपत्रमा दर (रेट) भर्नु अघि सम्वन्धित निर्माणस्थलको अवलोकन/निरिक्षण गर्न सुझाव दिइन्छ । उल्लेखित दर (रेट) निर्माणस्थलको यथार्थ वस्तुस्थिति बुझी भरेको मानिने छ ।

५. वोलपत्रसाथ जमानत वापतको तल उल्लेखित रकम बिगु गाउँपालिकाको कार्यालय को नेपाल ईन्भेष्टमेन्ट बैंक लिमिटेड सिंगटी शाखामा रहेको **धरौटी खाता ०६७०१०४०२५००८५** (ग–३/१)मा दाखिला गरेको सक्कल बैंक भौचर अथवा यस कार्यालयको नाममा जारी भएको वोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट **कम्तिमा ९० दिन म्याद भएको** 'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको जमानीपत्र (विडवण्ड) संलग्न हुनुपर्नेछ ।

६. वोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिइनेछ ।

७. वोलपत्रमा प्रत्येक आइटमको भ्याट बाहेकको दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

८. वोलपत्र पेश गर्दा वोलपत्र फाराममा तथा खाम बाहिर वोलपत्रदाताको नाम, ठेगाना, ठेक्का नं., ठेक्काको नाम, कामको विवरण, दस्तखत र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

९. रीत नपुगी वा म्याद नाघी आएका वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१०. कार्यालयको हितलाई ध्यानमा राखी, कुनै कारण जनाई वा नजनाई, वोलपत्र दाखिला गर्ने फर्मको रेकर्डलाई दृष्टिगत गरी वोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

११. उपरोक्त बुँदाहरुमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन २०७३ सहित) तथा नियमावली, २०६४ (चौथो संशोधन २०७३ सहित) अनुसार हुनेछ ।

१२. कुनै कारणवश बजेट निकासा हुन नसकेमा वा रकम नपुग हुन गएमा कामको परिमाण घटाई वा क्रमशः आगामी वर्षको बजेटबाट भुक्तानी दिइनेछ ।

१३. वोलपत्रसम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिने छ । सम्पर्क नं. ०४९४१०१०९,९८५१२४९२०६,९८५१२३८०६१ मा सम्पर्क गर्न सकिने छ । कार्यालयको website : bigumun.gov.np मा पनि हेर्न सकिने छ ।

तपशील

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टिन्जेन्सी बाहेक) रु. | जमानत रकम रु. |
|---|---|---|---|
| BRM/NCB/Works/DOLAKHA/01/2075-76 | कृषिसेवा केन्द्र भवन निर्माण, सिंगटी | १,७६,४७,९९५.८८ | ५,००,००० |

प्रमुख प्रशासकीय अधिकृत

*जलश्रोत, पर्यटन र जडिवुटीले सम्मुनत विगु गाउँपालिका*